# लोक सेवा आयोगका सूचनाहरु

## केन्द्रीय कार्यालय, कमलपोखरी

### *सूचना तथा प्रकाशन शाखा*

## राजपत्रांकित तृतीय श्रेणी (अप्राविधिक) पदहरुको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ५९३/०८०-८१** **प्रकाशन मिति: २०८०/०८/२७**

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरुका लागि निजामती सेवा ऐन, २०४९ (चौथो संशोधन) को दफा २४ घ१क तथा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ को उपदफा ४ बमोजिम र राष्ट्रिय मानव अधिकार सेवाको हकमा राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीहरुको सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली, २०७२ (संशोधन सहित) को नियम ३१ र ३२ बमोजिम संभाव्य उम्मेदवारहरुले लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति **२०८०।१०।०२** सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ ।

दरखास्त फाराम लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र काठमाडौं उपत्यकाको हकमा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका कार्यालयहरुमा तथा राष्ट्रिय मानव अधिकार सेवाको लागि राष्ट्रिय मानव अधिकार आयोगको बढुवा समितिको सचिवालयमा बुझाई सक्नु पर्नेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

यसरी पर्न आएका दरखास्तहरु आयोगका कार्यालयहरुले दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा पठाउनेछन् र दरखास्त व्यवस्थापन केन्द्रले बढुवा सूचना नम्बर अनुसार संकलन गरी एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ । साथै राष्ट्रिय मानव अधिकार सेवाको लागि पर्न आएका दरखास्तहरु राष्ट्रिय मानव अधिकार आयोगको बढुवा समितिको सचिवालयले व्यवस्थापन गर्नेछ ।

**उम्मेदवारहरुले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरु**

(क) निजामती सेवा ऐन, २०४९ को दफा २१ बमोजिम बढुवाको लागि उम्मेदवार हुन चाहिने न्यूनतम सेवा अवधि पुगेको र शैक्षिक योग्यता हाँसिल गरेको हुनुपर्नेछ ।

(ख) निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्नेछ ।

(ग) निजामती सेवा नियमावली, २०५० को नियम ७६ वा नियम ८८ बमोजिम योग्यता पुरा भएको हनुपर्नेछ ।

(घ) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

(ङ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(च) दरखास्तसाथ बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढीको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

(छ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ ।

(ज) दरखास्त दस्तुर रु.१,२००।- (एक हजार दुई सय) बुझाउनु पर्नेछ ।

## विवरण

**(क) निजामती सेवातर्फ**

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह र श्रेणी | पद संख्या |
|---|---|---|---|
| १. | १५९/०८०-८१ | शाखा अधिकृत वा सो सरह, न्याय, न्याय, रा.प. तृतीय | १४(चौध) |
| २. | १६०/०८०-८१ | शाखा अधिकृत वा सो सरह, न्याय, कानून, रा.प. तृतीय | ४(चार) |
| ३. | १६१/०८०-८१ | शाखा अधिकृत वा सो सरह, न्याय, सरकारी वकिल, रा.प. तृतीय | ४(चार) |
| ४. | १६२/०८०-८१ | शाखा अधिकृत वा सो सरह, परराष्ट्र, रा.प. तृतीय | ३(तीन) |
| ५. | १६३/०८०-८१ | शाखा अधिकृत वा सो सरह, प्रशासन, सामान्य प्रशासन, रा.प. तृतीय | ५०(पचास) |
| ६. | १६४/०८०-८१ | लेखा अधिकृत, प्रशासन, लेखा, रा.प. तृतीय | १४(चौध) |
| ७. | १६५/०८०-८१ | शाखा अधिकृत वा सो सरह, प्रशासन, राजस्व, रा.प. तृतीय | १०(दश) |
| ८. | १६६/०८०-८१ | लेखापरीक्षण अधिकारी, लेखापरीक्षण, रा.प. तृतीय | ७(सात) |

**(ख) राष्ट्रिय मानव अधिकार सेवातर्फ**

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह र श्रेणी | पद संख्या |
|---|---|---|---|
| १. | १६७/०८०-८१ | मानव अधिकार अधिकृत, राष्ट्रिय मानव अधिकार, अधिकृत तृतीय | १(एक) |
| २. | १६८/०८०-८१ | लेखा अधिकृत, राष्ट्रिय मानव अधिकार, अधिकृत तृतीय | १(एक) |

# राजपत्रांकित तृतीय श्रेणी (अप्राविधिक), शाखा अधिकृत वा सो सरह पदको खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. ५९४/०८०-८१**

निजामती सेवा तर्फका निम्न सेवा, समूह, उपसमूह तथा श्रेणीका खुला तथा समावेशी पदहरुमा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली psconline1.psc.gov.np मार्फत् आवेदन दिनुपर्नेछ ।

**(क) राजपत्राङ्कित तृतीय श्रेणी, न्याय सेवातर्फ**

| क्र.सं. | विज्ञापन नम्बर | किसिम/समावेशी समूह | सि.नं. | सेवा | समूह | माग पद विवरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
| १. | १६६८९/८०-८१ | **खुला** | क. | न्याय | न्याय | १५(पन्ध्र) | १८(अठार) | ३३(तेत्तीस) |
| | | | ख. | न्याय | कानून | - | ४(चार) | ४(चार) |
| | | | ग. | न्याय | सरकारी वकिल | - | ६(छ) | ६(छ) |
| | | | | | **जम्मा** | | | **४३(त्रिचालीस)** |
| २. | १६६९०/०८०-८१ | **महिला** | क. | न्याय | न्याय | - | ५ (पाँच) | ५ (पाँच) |
| | | | ख. | न्याय | कानून | - | १(एक) | १(एक) |
| | | | ग. | न्याय | सरकारी वकिल | - | १(एक) | १(एक) |
| | | | | | **जम्मा** | | | **७(सात)** |
| ३. | १६६९१/०८०-८१ | **आदिवासी/ जनजाति** | क. | न्याय | न्याय | - | ४(चार) | ४(चार) |
| | | | ख. | न्याय | कानून | - | १(एक) | १(एक) |
| | | | ग. | न्याय | सरकारी वकिल | - | २(दुई) | २(दुई) |
| | | | | | **जम्मा** | | | **७(सात)** |
| ४. | १६६९२/०८०-८१ | **मधेसी** | क. | न्याय | न्याय | २(दुई) | ३(तीन) | ५(पाँच) |
| | | | ख. | न्याय | कानून | - | १(एक) | १(एक) |
| | | | | | **जम्मा** | | | **६(छ)** |
| ५. | १६६९३/०८०-८१ | **दलित** | क. | न्याय | न्याय | १(एक) | १(एक) | २(दुई) |
| | | | ख. | न्याय | सरकारी वकिल | १(एक) | १(एक) | २(दुई) |
| | | | | | **जम्मा** | | | **४(चार)** |
| ६. | १६६९४/०८०-८१ | **अपाङ्ग** | क. | न्याय | न्याय | - | १(एक) | १(एक) |
| | | | | | **जम्मा** | | | **१(एक)** |

**(ख) राजपत्राङ्कित तृतीय श्रेणी (परराष्ट्र, प्रशासन, लेखापरीक्षण), संयुक्त र एकीकृत**

| क्र. सं. | विज्ञापन नम्बर | किसिम/ समावेशी समूह | सि.नं. | सेवा | समूह | माग पद विवरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
| १. | १६६९५/०८०-८१ | **खुला** | क. | परराष्ट्र | - | - | ३(तीन) | ३(तीन) |
| | | | ख. | प्रशासन | सामान्य प्रशासन | - | ६४(चौसठ्ठी | ६४(चौसठ्ठी |
| | | | ग. | प्रशासन | लेखा | - | १७(सत्र) | १७(सत्र) |
| | | | घ. | प्रशासन | राजस्व | - | १३(तेह्र) | १३(तेह्र) |
| | | | ङ. | लेखापरीक्षण | - | - | ९(नौ) | ९(नौ) |
| | | | | | **जम्मा** | | | **१०६ (एक सय छ)** |
| २. | १६६९६/०८०-८१ | **महिला** | क. | परराष्ट्र | - | - | १(एक) | १(एक) |
| | | | ख. | प्रशासन | सामान्य प्रशासन | - | १८(अठार) | १८(अठार) |
| | | | ग. | प्रशासन | लेखा | - | ५ (पाँच) | ५ (पाँच) |
| | | | घ. | प्रशासन | राजस्व | - | ३(तीन) | ३(तीन) |
| | | | ङ. | लेखापरीक्षण | - | २(दुई) | २(दुई) | ४(चार) |
| | | | | | **जम्मा** | | | **३१(एकतीस)** |
| ३. | १६६९७/०८०-८१ | **आदिवासी/ जनजाति** | क. | परराष्ट्र | - | - | १(एक) | १(एक) |
| | | | ख. | प्रशासन | सामान्य प्रशासन | - | १४(चौध) | १४(चौध) |
| | | | ग. | प्रशासन | लेखा | - | ४(चार) | ४(चार) |
| | | | घ. | प्रशासन | राजस्व | - | ३(तीन) | ३(तीन) |
| | | | ङ. | लेखापरीक्षण | - | - | २(दुई) | २(दुई) |
| | | | | **जम्मा** | | | | **२४(चौबीस)** |
| ४. | १६६९८/०८०-८१ | **मधेसी** | क. | परराष्ट्र | - | - | १(एक) | १(एक) |
| | | | ख. | प्रशासन | सामान्य प्रशासन | - | १२(बाह्र) | १२(बाह्र) |
| | | | ग. | प्रशासन | लेखा | - | ३(तीन) | ३(तीन) |
| | | | घ. | प्रशासन | राजस्व | - | २(दुई) | २(दुई) |
| | | | ङ. | लेखापरीक्षण | - | ४(चार) | २(दुई) | ६(छ) |
| | | | | | **जम्मा** | | | **२४(चौबीस)** |
| ५. | १६६९९/०८०-८१ | **दलित** | क. | प्रशासन | सामान्य प्रशासन | - | ५(पाँच) | ५(पाँच) |
| | | | ख. | प्रशासन | लेखा | १(एक) | १(एक) | २(दुई) |
| | | | ग. | प्रशासन | राजस्व | - | १(एक) | १(एक) |
| | | | घ. | लेखापरीक्षण | - | १(एक) | - | १(एक) |
| | | | | | **जम्मा** | | | **९(नौ)** |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६. | १६७००/०८०-८१ | अपाङ्ग | क. | प्रशासन | सामान्य प्रशासन | - | २(दुई) | २(दुई) |
| | | | ख. | प्रशासन | राजस्व | - | १(एक) | १(एक) |
| | | | ग. | लेखापरीक्षण | - | १(एक) | - | १(एक) |
| | | | **जम्मा** | | | | | **४(चार)** |
| ७. | १६७०१/०८०-८१ | **पिछडिएको क्षेत्र** | क. | प्रशासन | सामान्य प्रशासन | - | २(दुई) | २(दुई) |
| | | | ख. | प्रशासन | लेखा | - | १(एक) | १(एक) |
| | | | ग. | प्रशासन | राजस्व | - | १(एक) | १(एक) |
| | | | घ. | लेखापरीक्षण | - | १(एक) | - | १(एक) |
| | | | **जम्मा** | | | | | **५(पाँच)** |

**(ग) अधिकृत तृतीय श्रेणी, राष्ट्रिय मानव अधिकार सेवातर्फ**

| क्र.सं. | विज्ञापन नम्बर | किसिम/ समावेशी समूह | सि.नं. | पद | माग पद विवरण | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
| १. | १६७०२/०८०-८१ | **खुला** | क. | मानव अधिकार अधिकृत | - | १(एक) | १(एक) |
| | | | **जम्मा** | | | | **१(एक)** |
| २. | १६७०३/०८०-८१ | **आदिवासी/ जनजाति** | क. | मानव अधिकार अधिकृत | - | १(एक) | १(एक) |
| | | | **जम्मा** | | | | **१(एक)** |

## रा.प.तृतीय श्रेणी न्याय सेवाको संयुक्त लिखित परीक्षा कार्यक्रम

| पत्र | विषय | परीक्षा मिति | समय |
|---|---|---|---|
| प्रथम पत्र | शासन प्रणाली | २०८०।१२।१८ | दिनको २:०० बजे |
| द्वितीय पत्र | समसामयिक विषय | २०८०।१२।१९ | दिनको २:०० बजे |
| तृतीय पत्र | समसामयिक कानून तथा अभ्यास | २०८०।१२।२० | दिनको २:०० बजे |

## राजपत्राङ्कित तृतीय श्रेणी एकीकृत लिखित परीक्षा कार्यक्रम

| चरण/ पत्र | विषय | परीक्षा मिति | समय |
|---|---|---|---|
| **प्रथम चरण**/प्रथम पत्र | प्रशासनिक अभिरुची परीक्षण | २०८०।१०।२७ | दिनको ११:०० बजे |
| **द्वितीय चरण :** *(प्रथम चरणको परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरु मात्र द्वितीय चरणको परीक्षामा सम्मिलित हुन पाउनेछन्)* | | | |
| द्वितीय पत्र (सबै सेवा समूहको लागि) | शासन प्रणाली | २०८०।१२।२१ | दिनको २:०० बजे |
| तृतीय पत्र (सबै सेवा समूहको लागि) | समसामयिक विषय | २०८०।१२।२२ | दिनको २:०० बजे |
| चतुर्थ पत्र (प्रशासन, संघीय संसद र लेखापरीक्षण सेवाका लागि) | सेवा/समूह सम्बन्धी | २०८०।१२।२३ | दिनको २:०० बजे |
| परराष्ट्र सेवा | अंग्रेजी भाषा (Extra Paper I) | २०८०।१२।२५ | दिनको २:०० बजे |
| | परराष्ट्र नीति तथा अन्तर्राष्ट्रिय सम्बन्ध (Extra Paper II) | २०८०।१२।२६ | दिनको २:०० बजे |

## राष्ट्रिय मानव अधिकार सेवा, अधिकृत तृतीय श्रेणीको लिखित परीक्षा कार्यक्रम

| पत्र | प्रथम पत्र परीक्षा मिति | द्वितीय पत्र परीक्षा मिति | समय |
|---|---|---|---|
| मानव अधिकार अधिकृत | २०८०।१२।१६ | २०८०।१२।१७ | दिनको २:०० बजे |

**विज्ञापनसम्बन्धी विशेष सूचना :-** प्रस्तावित निजामती सेवा विधेयक, २०८० उपर आयोगबाट मिति २०८०/५/४ मा नै नेपाल सरकारलाई परामर्श प्रदान गरिसकिएको भएतापनि हालसम्म पनि उक्त विधेयक संघीय संसदमा पेश हुन नसकेको कारण लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६३ बमोजिम बनेको आयोगको वार्षिक कार्यतालिकाभित्र पदपूर्ति सम्बन्धी प्रक्रिया अगाडि बढाउन नसकिने देखिएकोले सम्मानित सर्वोच्च अदालतको उत्प्रेषणको रिटमा भएको परमादेशको आदेश बमोजिम जारी हुने सङ्घीय निजामती सेवा ऐनमा समावेशी समूहको हकमा समेत प्रतिशत निर्धारण भए बमोजिम हुने गरी हाललाई निजामती सेवा ऐन, २०४९ बमोजिम विज्ञापनको सूचना प्रकाशित गरिएको छ।

**परीक्षाको किसिमः-** लिखित, सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ता।

**परीक्षा केन्द्रः-**
- प्रथम चरण : आयोग अन्तर्गतका सबै कार्यालयहरु रहेका स्थानमा।
- द्वितीय चरण : आयोगका धनकुटा, जलेश्वर, काठमाडौं, पोखरा, बुटवल, सुर्खेत र दिपायल कार्यालयहरुबाट तोकिए बमोजिम।
- राष्ट्रिय मानव अधिकार सेवाका पदहरुको परीक्षा लोक सेवा आयोग, केन्द्रीय कार्यालयले तोके बमाोजिम हुनेछ।

**दरखास्त दस्तुरः-** प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर **रु.१,२००।- (एक हजार दुई सय)** बुझाउनु पर्नेछ। एकै सेवा/समूह/उपसमूहको पदका समावेशी समूहतर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि **रु. ४००।- (चार सय)** थप दस्तुर बुझाउनु पर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः-** **२०८०।९।१७ र दोब्बर दस्तुर तिरी २०८०।९।२४ सम्म।**

**उम्मेदवारको उमेरको हदः-**
- **२०८०।९।१७ सम्म २१ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको।**
- निजामती सेवाका पदमा बहालवाला स्थायी निजामती कर्मचारी र राष्ट्रिय मानव अधिकार सेवाका पदमा राष्ट्रिय मानव अधिकार आयोगका वहालवाला स्थायी कर्मचारीलाई उमेरको हद लाग्ने छैन।
- सम्मानित सर्वोच्च अदालतको मिति २०७९।१०।२० गतेको अन्तरिम आदेश बमोजिम उक्त मुद्दाको अन्तिम टुंगो नलागेसम्मका लागि लोक सेवा आयोगले मिति २०७६।२।१५ गते विज्ञापन प्रकाशन गरी स्थानीय तहका लागि लिएको परीक्षाबाट सिफारिस भई हाल कार्यरत बहालवाला सरकारी कर्मचारीलाई समेत निजामती सेवाका विज्ञापित पदमा उमेर हद लाग्ने छैन। यस्ता उम्मेदवारले सो व्यहोराको निवेदन अनलाइन दरखास्त प्रणालीको अनुभव (Experience) खण्डमा अपलोड गर्नुपर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत विद्युतीय माध्यमबाट सोझै वा Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको बैंक भौचर प्रिन्ट गरी तोकिएका बैंकबाट नगद समेत बुझाउन सकिनेछ।

**दरखास्त दस्तुर बुझाउने अवधिः-** ढिलोमा मिति २०८०।९।२५ गतेसम्म तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाई सक्नुपर्नेछ।

**अपलोड गर्नुपर्ने कागजातहरुः-** **उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा** PDF Format मा **अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडिको भाग स्क्यान गरी** JPG Format मा **अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।**

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्बन्धी।

**तलबः-** प्रचलित कानून बमोजिम।

**सेवा सम्बन्धी निकायः-** सेवा, समूह, उपसमूहको प्रशासन सञ्चालन गर्न तोकिएका सम्बन्धित आयोग/मन्त्रालय।

## आवश्यक न्यूनतम योग्यता

**(क) निजामती सेवा तर्फ :**

निजामती सेवा ऐन, २०४९ को दफा १० बमोजिम अयोग्य नभएको हुनुका साथै निजामती सेवा नियमावली, २०५० को नियम १५ बमोजिम तोकिएका देहाय अनुसारको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ।

(१) **नेपाल परराष्ट्र सेवा, नेपाल प्रशासन सेवा (राजस्व र सामान्य प्रशासन समूह) को लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण भएको।

(२) **नेपाल प्रशासन सेवा, लेखा समूहको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासनमध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण भएको।

(३) **नेपाल न्याय सेवा (न्याय, कानून, सरकारी वकिल समूह) को लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातक तह उत्तीर्ण भएको।

(४) **नेपाल लेखापरीक्षण सेवाको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, व्यापार प्रशासन वा वाणिज्य शास्त्र विषयमा स्नातक उपाधि प्राप्त गरेको।

**(ख) राष्ट्रिय मानव अधिकार सेवा तर्फ :**

राष्ट्रिय मानव अधिकारको कर्मचारीहरुको सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली, २०७२ (संशोधन सहित) को नियम १४ अयोग्य नभएको हुनुका साथै नियम १२ बमोजिम तोकिएका देहाय अनुसारको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ।

(१) **राष्ट्रिय मानव अधिकार सेवा, मानव अधिकार अधिकृत पदका लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तिर्ण।

## उम्मेदवारले पेश गर्नुपर्ने थप कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशन

समावेशी समूहतर्फ तथा खुलातर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवारहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु तयार गरी दरखास्त दिनुपर्नेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्नेछ। उल्लेखित कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसकै समय दरखास्त रद्द हुन सक्नेछ।

**अ) समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरुको लागि आवश्यक पर्ने थप कागजातहरु**

(क) आदिवासी/जनजातिका हकमा : नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,
तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(ख) मधेसीका हकमा : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात,
तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात।

(ग) दलितका हकमा : राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,
तर, राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(घ) अपाङ्गका हकमा : समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र।

(ङ) पिछडिएको क्षेत्रका हकमा : निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फारम भर्ने दिन भन्दा ३ महिना अगाडिसम्मको सिफारिशको आधारमा।
स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) मा उल्लेख भएको जिल्लामा विवाह गरी वा बसाइँसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाइँसराइको हकमा छाडेको र गएको स्थानीय तह/निकायको बसाइँसराइ गरेको खुल्ने कागजात।

**द्रष्टव्य**

(क) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ । दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

(ख) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन हुनपूर्व अधिकृत स्तरको पदमा कार्यरत निजामती कर्मचारी यस विज्ञापनमा उम्मेदवार हुन पाउने छैनन् ।

(ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(घ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा १० (दस) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन ।

(ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।

(छ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

(ज) पाठ्यक्रम आयोगको वेबसाइट www.psc.gov.np बाट प्राप्त गर्न सकिने छ ।

www.psc.gov.np